## मेरो वसियत

यो कागत दिदीलाई दिए है ......

यो बन्द गरेको नीलो खाम दिदैछु
यहाँ यौटा कागत छ,
कागत के छ ?
यस खामभित्र
यौटा चल्दै गरेको मुटु छ
यो कागत दिदीलाई दिए है......

यो कविता होइन ....
मैले उसको तस्वीरलाई...........
छन्दमा थुन्नु छोडिदिएँ !

यो चिट्ठी होइन,
मैले उसको मायालाई
अक्षरमा उन्नु छोडिदिएँ !

मेरो सम्पूर्ण माया
म बाँचुञ्जेल त उसलाई स्वीकार्य भएन,
अब त उसलाई जिम्मा लिनै पर्छ !
उसको माया मलाई भार भैसक्यो ....
यसलाई मैले बिसाउँलै पर्छ !

यो कागत दिदीलाई दिए है ....

यहाँ  यस कागतमा
ऐनाको अघिल्तिर कपाल कोर्दा
उसले कल्पिएको लोग्ने ....
मर्न लागेको त्यही लोग्नेको ...
यौटा बाँचिरहेको इच्छा छ !

यो कागत दिदीलाई दिए है ...

यहाँ मायालाई
मानिसमा भएको गुणले मात्र सिँगारेर
सँगालेर राखिएको छ !

मेरो छात्तीभरिका मायाहरू
यहाँ उसको नाममा....
कागत गरिदिएको छ !

अनि
तिम्रोतर्फबाट
यति जोडिदिनु .....
कि उसलाई भेनाजुले
सधैँ सधैँ माया गरेको छ !